Vangmaya
Vol. 22, No. 1: 55-66, July-August 2024
Central Department of Nepali, Kirtipur
DOI: https://doi.org/10.3126/vangmaya.v22i1.85357
Orcid: https://orcid.org/0009-0009-0118-8344

# *बाच्छे राजा र सल्लीसउँको लोककथामा* लोकविश्वास

**डा. दुर्गाबहादुर घर्ती***
**डा. बलराम प्रसाईं**
**डा. कृष्णप्रसाद घिमिरे**

## लेखसार

*'बाच्छे राजा र सल्लीसउँको लोककथामा लोकविश्वास' शीर्षकको प्रस्तुत लेख लोकविश्वासको विवेचनामा केन्द्रित छ । लोककथा परम्परागत रूपमा प्रचलित हुँदै आएको घटनावर्णनमा आधारित मौखिक कला हो । यो सुन्नेसुनाउने पद्धतिमा प्रसारित र हस्तान्तरित हुँदै आएको हुन्छ । लोककथाका माध्यमद्वारा लोकविश्वास अभिव्यक्त हुन्छ । लोकविश्वास लोकको विश्वास हो । लोकविश्वास एकप्रकारको धारणा हो र त्यो वैयक्तिक नभएर सामूहिक हुन्छ । समाजमा त्यो संस्कृतिका रूपमा रहेको हुन्छ । लोकविश्वासको निर्माण काल्पनिक, आनुभविक एवं वैचारिक आधारमा भएको पाइन्छ । लोकविश्वासका अनेकौँ प्रकार हुन्छन् । प्रस्तुत लोककथामा मुख्य रूपमा अद्भुत घटना, अतिमानवीय पात्र एवं अलौकिक शक्तिसम्बन्धी लोकविश्वास मुख्य रूपमा पाइन्छ । मानवले गर्न नसक्ने कार्य गर्नु वा अतिमानवीय तत्त्वले मानवीय कार्य गर्नु, अनौठो र अलौकिक घटना घटित हुनु अद्भुत घटना हो । प्रस्तुत लोककथामा भगवान्, राक्षस, भूत र पशु अतिमानवीय पात्रका रूपमा आएका छन् । दैवी शक्ति, दानवी शक्ति, अलौकिक शक्ति भएका वस्तु आदि यस कथामा पाइन्छ । तिनैको विश्लेषण यस अध्ययनमा गरिएको छ । यस अध्ययनका लागि सामग्री सङ्कलन क्षेत्रकार्य र पुस्तकालयकार्यद्वारा गरिएको छ र सामग्रीको विश्लेषण गुणात्मक पद्धतिअन्तर्गत विषयवस्तुविश्लेषण विधिमा गरिएको छ । लोकविश्वासले यस लोककथालाई रोचक र प्रभावकारी बनाएको छ भन्ने यस अध्ययनको निष्कर्ष रहेको छ ।*

**शब्दकुञ्जी :** अतिमानवीय पात्रसम्बन्धी लोकविश्वास, अद्भुत घटनासम्बन्धी लोकविश्वास, अमृत जल, अमृत फल, अलौकिक शक्तिसम्बन्धी लोकविश्वास ।

## विषयपरिचय

लोककथा लोकवार्ताको मौखिक विधा लोकसाहित्यअन्तर्गत पर्दछ । अलिखित एवं परम्परागत रूपमा प्रचलित हुँदै आएका यावत् कुरा लोकवार्ता हुन् । तीमध्ये भाषाका माध्यमद्वारा अभिव्यक्त हुने कलालाई लोकसाहित्य भनिन्छ । विषय, शैली र प्रस्तुतिका आधारमा लोकसाहित्यका विधाहरू छुट्टिन्छन् । लोककथामा घटनावर्णन हुन्छ, यो गद्यशैलीमा र वर्णनात्मक हुन्छ । सरलता, सरसता एवं प्रभावोत्पादकता लोककथाका विशेषता हुन् । लोककथाका माध्यमद्वारा लोकविश्वास अभिव्यक्त भएको हुन्छ । लोकविश्वास लोकजीवनसँग सम्बन्धित हुन्छ । मानिसले आफूले देखेका, सुनेका र अनुभव गरेका कुराका आधारमा लोकविश्वास बनेको हुन्छ । त्यो एकप्रकारको धारणा हो, तर त्यो वैयक्तिक नभएर

* घर्ती, प्रसाईं र घिमिरे त्रिभुवन विश्वविद्यालयमा प्राध्यापनरत हुनुहुन्छ ।

सामूहिक प्रकारको हुन्छ । समाजमा यो एक पुस्ताबाट अर्को पुस्तामा मौखिक रूपमा हस्तान्तरित हुँदै जान्छ । त्यसैले यो समाजमा संस्कृतिका रूपमा बाँचिरहेको हुन्छ । लोकविश्वासको निर्माण काल्पनिक, आनुभविक एवं वैचारिक आधारमा भएको पाइन्छ । काल्पनिक आधारअन्तर्गत मनोवैज्ञानिक आधार पनि पर्दछ । लोकविश्वासको मूल आधार हाम्रा पूर्वजहरूका कल्पना नै हो । आनुभविक लोकविश्वास लोकको अनुभव र पर्यवेक्षणका आधारमा हुन्छ । वैचारिक लोकविश्वास पूर्ववर्तीहरूले भनेको वा आफूले निर्माण गरेको विचारमा आधारित हुन्छ । लोकविश्वासका अनेकौँ प्रकार हुन्छन् । 'बाच्छे राजा र सल्लीसउँको लोककथा' मा मुख्य रूपमा अद्भुत घटना, अतिमानवीय पात्र एवं अलौकिक परिवेशसम्बन्धी लोकविश्वास पाइने हुनाले प्रस्तुत अध्ययनमा तिनैको विवेचना गरिएको छ । त्यही नै यस अध्ययनको सीमा हो । लोककथामा प्रस्तुत लोकविश्वासको अध्ययन खासै भएको नपाइने भए तापनि सैद्धान्तिक अध्ययन भएको पाइन्छ । तीमध्ये कृष्णदेव उपाध्याय (सन् १९९१) को *भारतीय लोक-विश्वास,* श्यामाचरण दुबे (सन् १९९३) को *मानव और संस्कृति,* तुलसी दिवस तथा अन्य (सन् २००७) को *द इन्ट्यान्जिबल कल्चरल हेरिटेज अफ नेपाल : फ्युचर डाइरेक्सन्स,* मोतीलाल पराजुली (२०७१)को *नेपाली लोककथा : सिद्धान्त र विश्लेषण,* कपिलदेव लामिछाने (२०७७) को *लोकसाहित्य सिद्धान्त* र षडानन्द पौड्याल (२०७८) को *नेपाली लोकविश्वास* बढी उपयोगी छन् । लोकविश्वासको सैद्धान्तिक आधारमा 'बाच्छे राजा र सल्लीसउँको लोककथा' मा प्रस्तुत लोकविश्वास अध्ययन गर्नु यस अध्ययनको मुख्य उद्देश्य हो ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनका लागि सामग्री सङ्कलन क्षेत्रकार्य र पुस्तकालयकार्यद्वारा गरिएको छ । 'बाच्छे राजा र सल्लीसउँको लोककथा' को सङ्कलन क्षेत्रकार्यद्वारा गरिएको छ । यो प्रस्तुत अध्ययनको प्राथमिक सामग्री हो । प्रस्तुत लोककथाको विश्लेषणका लागि आवश्यक पर्ने सैद्धान्तिक र प्रायोगिक सामग्रीको सङ्कलन पुस्तकालयकार्यद्वारा गरिएको छ । ती द्वितीयक सामग्री हुन् । सङ्कलित सामग्रीको विश्लेषण विषयवस्तु विश्लेषण विधिमा गरिएको छ । यस अध्ययनमा लोककथामा पाइने विश्वासको विश्लेषण गरिएको छ । त्यसका लागि सैद्धान्तिक आधार लोकविश्वाससम्बन्धी सिद्धान्त हो । त्यसबाट सैद्धान्तिक ढाँचाको निर्माण गरिएको छ । सैद्धान्तिक ढाँचा र विश्लेष्य सामग्रीका आधारमा अवधारणात्मक ढाँचाको निर्माण गरिएको छ । 'बाच्छे राजा र सल्लीसउँको लोककथा' मा लोकविश्वास यसको मुख्य अवधारणा हो र अद्भुत घटना, अतिमानवीय पात्र र अलौकिक शक्ति सूचक हुन् । तिनैका आधारमा प्रस्तुत लोककथाको विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक आधार

लोकविश्वास लोकवार्ताको एउटा विधा हो । समाजमा यो मौखिक रूपमा परम्परादेखि नै प्रचलित हुँदै आएको छ । यसलाई विश्वास, अन्धविश्वास, प्रचलित विश्वास, जादू, अलौकिक तत्त्व, शकुनअपशकुन, भविष्यको सङ्केत, वर्जना आदि पनि भनिएको पाइन्छ । *क्याम्ब्रिज डिक्सनेरी*का अनुसार विश्वास भनेको कुनै कुरा छ वा त्यो सत्य हो भन्ने अनुभूति हो । *मेरियम-वेब्स्टर डिक्स्नेरी*अनुसार विश्वास कुनै कथनको सत्यता वा कुनै अस्तित्व वा घटनाको वास्तविकताको मानसिक दृढ विश्वास हो । *इन्साइक्लोपेडिया ब्रिटानिका* (सन् २०२५) का अनुसार विश्वास सत्यको प्रत्याभूति गर्ने पूर्ण बौद्धिक ज्ञानबिना नै त्यसको स्वीकार वा सहमतिको मानसिक दृष्टिकोण हो । *नेपाली बृहत् शब्दकोश*ले लोकविश्वासलाई

साधारण जनतामा प्रचलित विश्वास, लोकपरम्पराले मानिआएको कुरो भनेर अर्थ्याएको छ । लोकविश्वास परम्परागत हुन्छ र एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै जान्छ ।

लोकविश्वास मानवजातिको इतिहास जत्तिकै प्राचीन देखिन्छ । आगो, बाढीपहिरो, भूकम्प, ज्वालामुखी, वज्रपात, रात र दिन, ऋतुपरिवर्तनजस्ता रहस्यप्रति आदिम मानवले एकप्रकारको विचारको निर्माण गर्नथाल्यो । ती विचार मूलतः आत्मरक्षासँग सम्बन्धित कुरा थिए । तिनै कारणले मानिसलाई दैवी शक्तिमा विश्वास हुन थाल्यो (उपाध्याय, सन् १९९१, पृ. १) । लोकविश्वास शब्दको प्रयोग प्रायजसो व्यवहारमा शुभ र अशुभको अर्थ बुझाउनका लागि गरिन्छ । संस्कृत भाषामा भने लोकविश्वासका ठाउँमा शकुन शब्दको प्रयोग भएको पाइन्छ । प्राचीन समयमा लोकविश्वासलाई शकुन भनिन्थ्यो (पौड्याल, २०७८, पृ. १७) । शकुन समाजमा अत्यन्त गहिरोगरी रहेको विश्वास हो । यो कुनै पनि कार्यको आरम्भमै देखिने शुभाशुभ लक्षण हो । लोकविश्वास अमूर्त सांस्कृतिक परम्पराको रूप हो । यसमा प्राकृतिक वातावरणका साथ मान्छेका अन्तर्क्रियाद्वारा विकसित ज्ञान, सीप, अभ्यास र प्रतिनिधित्व समाविष्ट हुन्छन् (दिवस तथा अन्य, सन् २००७, पृ. ३) । ओरिङ्ग (सन् १९८६) ले लोकविश्वासलाई विचारात्मक प्रतिबिम्बन भनेका छन् (पृ. १८) । एलन डन्डिस (सन् १९६५) ले पनि लोकविश्वासलाई विचार भनेका छन् । त्यो सत्य होस् वा नहोस्, तर त्यो त्यस ठाउँको विश्वदृष्टि हो । लोकविचारको छुट्टै स्वतन्त्र विधा छैन, त्यो लोकोक्ति, लोककथा, लोकगीत आदि विभिन्न विधाहरूका माध्यमबाट अभिव्यक्त हुन्छ (पृ. १८५) । वेल्यान्ड डी. ह्यान्ड भने लोकविश्वासलाई लोकवार्ताको एउटा विधा मान्दछन् (मुलेन, सन् २०११, पृ. २०९) । लोकविश्वास लोकवार्ताको छुट्टै विधा भए पनि यो अन्य विधाका माध्यमबाट अभिव्यक्त हुन्छ ।

लोकविश्वासलाई मनोवैज्ञानिक ढङ्गमा अध्ययन गर्ने पद्धतिको आरम्भ गर्ने व्यक्ति कार्ल गुस्ताभ युङ्ग हुन् । आदिम मानवहरू प्रकृतिको रहस्यदेखि आश्चर्यचकित थिए, भयाक्रान्त थिए र केही आशावादी पनि थिए । उनीहरूले पृथ्वी, चन्द्रमा, सूर्य, तारा, अग्नि आदिको उत्पत्तिबारे यसरी नै धारणा बनाउँदै गए । उनीहरूका धारणा कल्पनामा आधारित थिए । आफूले कल्पना गरेका कुरालाई नै उनीहरूले अलौकिक उत्पत्ति ठान्थे (युङ्ग, सन् १९३३, पृ. १४६) । देवता वा भूतप्रेतको उत्पत्तिसम्बन्धी विश्वासको आधार उनीहरूको कल्पना नै हो । मानिसका आदिम अन्तर्ज्ञानले विभिन्न प्रकारका शक्तिहरूलाई मानवीकरण गरेका रूपद्वारा नै आदिम रूप वा बिम्ब स्थापित भएका हुन् (युङ्ग, सन् १९५८, पृ. २१) । तिनै विश्वास आद्यबिम्व वा आद्यस्वरूपका रूपमा रहेका छन् । आद्यस्वरूपको अभिव्यक्ति मिथक र परीकथा हुन् (युङ्ग, सन् १९६९, पृ. ५) । आद्यबिम्ब मिथकमा बाँचिरहेको हुन्छ । मानवेतर जीव वा निर्जीव तत्त्वले पनि चामत्कारिक व्यवहार गर्न सक्छ, विश्वको उत्पत्ति, प्रकृति र सञ्चालन र त्यसको सृष्टिकर्ता अनि अलौकिक संसार वा आध्यात्मिक शक्ति एवं सत्ता र तीसँग मान्छेको सम्बन्धजस्ता विश्वास लोकवार्तामा पाइन्छन् (बेयार्ड, सन् १९५३, पृ. ८) । तिनै विश्वास लोकवार्ताका माध्यमद्वारा प्रसारित भइरहेको पाइन्छ ।

लोकविश्वासलाई विभिन्न विद्वान्हरूले विभिन्न ढङ्गमा वर्गीकरण गरेको पाइन्छ । चार्लोट सोफिया बर्न (सन् १९१४) ले लोकविश्वासअन्तर्गत पृथ्वी र आकाश, वनस्पति जगत्, पशु जगत्, मानव जाति, मानवनिर्मित वस्तु, आत्मा र अन्य जगत्, अति मानवीय तत्त्व, शकुन तथा भविष्यवाणी, जादुकला, व्याधी तथा उपचार कौशलको उल्लेख गरेकी छन् (पृ. ४) । कृष्णदेव उपाध्याय (सन् १९९१) ले लोकविश्वासको चार प्रकार मानेका छन्– ग्रह तथा उपग्रहहरूद्वारा प्राप्त विश्वास, प्राकृतिक तत्त्वहरूद्वारा प्राप्त विश्वास, पशु तथा पक्षीहरूका गतिविधिद्वारा उपलब्ध हुने शकुन र सपनाबाट उपलब्ध हुने विश्वास (पृ. १०–११) । श्यामाचरण दुबे (सन् १९९३) ले अभिप्रायका आधारमा लोकविश्वासलाई चार

प्रकारमा विभाजन गरेका छन्– मानव तथा विश्वको उत्पत्तिसँग सम्बन्धित लोकविश्वास, प्राकृतिक जगत्सँग सम्बन्धित लोकविश्वास, मानव शरीर तथा जीवनसँग सम्बन्धित लोकविश्वास र मानवीय संस्थाहरूसँग सम्बन्धित लोकविश्वास (पृ. १८४) । हंसपुरे सुवेदी (२०५५) ले नेपाली लोकविश्वासलाई धार्मिक, सांस्कृतिक, आभिचारिक, व्यावहारिक र अन्धविश्वास वा रूढिगत लोकविश्वास गरी पाँच प्रकारमा वर्गीकरण गरेका छन् (पृ. २८) । मोतीलाल पराजुली (२०७१) ले अतिकल्पना/स्वैरकल्पनाप्रतिका विश्वासहरू, जादु, टुनामुना र योगसँग सम्बन्धित विश्वासहरू, धर्म र अनुष्ठानप्रतिका विश्वासहरू, आत्मशीलताप्रतिका विश्वासहरू र विभिन्न लोकविश्वासहरू भनी उल्लेख गरेका छन् (पृ. १६७) । षडानन्द पौड्याल (२०७८) ले लोकविश्वासको आठ प्रकार देखाएका छन्– मानव शरीरसँग सम्बन्धित विश्वास, व्यवहारसँग सम्बन्धित विश्वास, यात्रासँग सम्बन्धित विश्वास, खानासँग सम्बन्धित विश्वास, शास्त्रीय विधानमा आधारित विश्वास, मानवेतर प्राणीसँग सम्बन्धित विश्वास, सपनासँग सम्बन्धित विश्वास र संस्कृतिसँग सम्बन्धित विश्वास (पृ. ५२) । उपर्युक्त वर्गीकरण र लोकसाहित्यमा पाइने लोकविश्वासहरूलाई आधार मानेर तिनको वर्गीकरण यसरी गर्न सकिन्छ– सृष्टिसम्बन्धी, अद्भुत घटनासम्बन्धी, अतिमानवीय पात्रसम्बन्धी, अलौकिक स्थानसम्बन्धी, अलौकिक शक्तिसम्बन्धी, भविष्यफलसम्बन्धी र संस्कृतिसम्बन्धी लोकविश्वास ।

## विमर्श र परिणाम

'बाच्छे राजा र सल्लीसउँको लोककथा' लोकविश्वासका दृष्टिले उल्लेखनीय छ । लोकविश्वास विभिन्न प्रकारका हुन्छन् । प्रस्तुत लोककथामा मुख्य रूपमा अद्भुत घटनासम्बन्धी लोकविश्वास, अतिमानवीय पात्रसम्बन्धी लोकविश्वास, अलौकिक शक्तिसम्बन्धी लोकविश्वास पाइन्छ । ती लोकविश्वास घटना, पात्र र परिवेशसँग सम्बन्धित छन् । तल तिनको विमर्श गरिएको छ ।

### *अद्भुत घटनासम्बन्धी लोकविश्वास*

लोककथामा मूलतः घटनाको वर्णन पाइन्छ । लोककथामा मानवपात्र स्वर्ग, देवलोक, पाताल, पानीभित्रको जगत्मा पुगेको, मानवेतर पात्रसँग विवाह गरेको, मानवेतर प्राणीमाथि विजय हासिल गरेको घटना पाइन्छ । दैवीशक्तिले मानवलाई सहयोग गर्ने र दानवी शक्तिले दुःख दिने, देवता, सिद्ध पुरुष, सती आदिले दिएको आशीर्वाद, वरदान, श्राप लाग्ने कुराको वर्णन पनि पाइन्छ । त्यसैगरी लोककथामा पशुपक्षी तथा अतिमानवीय पात्रले पनि मानवीय व्यवहार गर्ने, मानवसँग विवाह गर्ने, मानवको साथी बन्ने घटना पाइन्छ । मान्छेले गरेका अद्भुत क्रियाकलापको वर्णन पनि लोककथामा पाइन्छ ।

'बाच्छे राजा र सल्लीसउँको लोककथा' मा बाच्छे राजा र बाइसपान्य राजा हुन्छन् । बाइसपान्य राजाको छोरो सल्लीसउँलाई बिहे गर्न मन लागेपछि आफ्नो मामा बाच्छे राजाकी छोरी माग्न जान्छ । छोरी माग्न भान्जा आएपछि बाच्छे राजाले छोरी दिन्छ । बिहेमा बरियाँत लिएर आउने भनी सल्लीसउँ पाटनका सबैलाई बिहेको निम्तो दिँदै घर पुग्छ । घरमा जाँदा बाबु बाइसपान्य राजाको मृत्यु भइसकेको हुन्छ । अनि एक वर्ष बिहे रोकिन्छ । राजाको मृत्युपछि लक्ष्मीले छोड्छिन् र दरबारमा केही खाने, लाउने, श्रीसम्पत्ति केही बाँकी रहँदैन । उनीहरू भुसको रोटी खाने र भोजपात सिलाएर लगाउने स्थितिमा पुग्छन् । राजाका मृत्युसँगै लक्ष्मीले पनि छोडेर जानु अनौठो घटना हो ।

बाबु मरेको वर्षदिनपछि सल्लीसउँ आमालाई लिएर मामाको घरतिर जान्छ । ती आमाछोरा जाँदाजाँदा दुबीचौर भन्ने ठाउँमा पुग्छन् । उनीहरूसँग खानेकुरा केही नभएकाले सल्लीसउँ आइमाईले ओखलमा धान कुट्दै गरेको ठाउँमा गएर ढुटो माग्न जान्छ, तर कसैले दिँदैनन् । अन्तिममा एउटी धान कुट्दै गरेकी आइमाईलाई दया लागेर चामल, ढुटो, कोदोको पिठो दिन्छे । सल्लीसउँ आमालाई भात पकाउन लगाई धारामा नुहाउन जान्छ । त्यहाँ फलाम, तामा, चाँदी, सुन आदिका धारा हुन्छन् । ऊ सुनको धारामा नुहाउन जान्छ । त्यस धाराबाट पानी लिएर सूर्यलाई अर्घ चढाउन लाग्दा उसका हातमा दुई गेडा रत्न आउँछ । ऊ रत्नका गेडा बेच्न भनेर गाउँमा डुल्छ । कसैले त्यो किन्न सक्दैनन् । अनि ऊ दुबीचौरको महाजनकोमा जान्छ । त्यो महाजन राक्षस हुन्छ । उसका बुहारीहरू सबै मान्छेका छोरी हुन्छन् । राक्षसले मनुष्य नारीसँग बिहे गर्नु अनौठो घटना हो ।

बाच्छे राजाका सातओटी रानी भए पनि कुनैबाट पनि सन्तानको जन्म भएको हुँदैन । एकदिन कतैबाट बाच्छे राजाले अमृत फल पाउँछ । त्यो गर्भ रहने फल हुन्छ । छओटी रानीहरूले पछि आएकी कान्छीलाई नदिने, आफूहरूले मात्र त्यो फल खाने भनेछन् र त्यो फल खाई पछाडिको ठेट्नो तल फ्याँक्छन् । कान्छी रानीले त्यो भेटाएर खान्छे । गर्भ रहने मुख्य चिज त्यही ठेट्नोमा रहेछ । अनि कान्छी रानी गर्भवती हुन्छे । त्यसरी कान्छी रानी गर्भवती भएकोमा अरू रानीहरू ईर्ष्या गर्न थाल्छन् र ज्योतिषीलाई छ गाग्रो रुपियाँ घुस दिई अलक्षिन भएको सन्तान जन्मने भविष्यवाणी गर्न लगाउँछन् । रानी सुत्केरी हुन लाग्ने बेलामा राजाले आफ्ना मल्लकाजीलाई ज्योतिषीलाई हेराउन पठाउँछ । ज्योतिषीले रानीहरूले भनेअनुसार भविष्यवाणी गर्छ र बच्ची जन्मेपछि राजाले मल्लकाजीलाई ज्योतिषीले भने जस्तै गर्न लगाउँछ । यो भविष्यफलसम्बन्धी लोकविश्वास हो ।

बच्ची रोएको सुन्नासाथ राजाको आज्ञाअनुसार मल्लकाजीहरूले बच्चीलाई खोसेर लग्छन् । ज्योतिषीले बाबुले बच्चाको मुख हेर्न नहुने, आमाले रगत देख्न नहुने, आमालाई काली तारेर पठाइदिनुपर्ने, बच्चालाई बृन्दावनमा लगेर मारी मुटुकलेजो झिकेर राजालाई खुवाउनुपर्ने भनेको हुन्छ । मल्लकाजीहरूले रानीलाई कालीपारि लगेर छोड्छन् र बच्चीलाई मार्न भनेर बृन्दावनमा लग्छन् । तर उनीहरू कसैले त्यस बच्चीलाई काट्न सक्दैनन् । उनीहरूले मृगको पाठाको मुटुकलेजो निकाल्छन् र खाल्टा खनी स्याउला ओछ्याएर त्यसमाथि बच्चीलाई राखी माथिबाट जाँतोले छोपेर छोड्छन् । अनि बच्चो मारिएको मृगले त्यस बच्चीलाई त्यही जाँतोमा बसेर दुध खुवाउन थाल्छ । त्यसले बच्चीलाई धेरै दिनसम्म दुध खुवाउँछ र दुध पग्रिन छोडेपछि मृग दुध खुवाउन आउन छोड्छ । अनि टिठ मानेर भगवान् त्यस बच्ची भएको ठाउँमा आउँछन् र त्यस बच्चीको एउटा हातमा कौडो दिन्छन् । त्यसलाई चुस्दा दुध आउँछ । अनि अर्को हातमा कोदोको रोटी चुस्नलाई दिन्छन् । अनि 'तिमीलाई केहीले नखाओस्, तिमी जस्तोतस्तो नभए, तामाझुम्पा तिम्रो नाम भयो, तिम्रो थामीनसक्नु चुल्ठो होस्' भनी आसिक दिन्छन् । वरिपरि रेखा बनाएर भगवान् जान्छन् । बच्ची ठुली हुँदै जान्छे र भगवान्ले उसलाई खानलाई मिठामिठा फल दिन्छन् । मृगले बच्चीलाई दुध खुवाउनु र भगवान्ले त्यसरी बचाउनु, हुर्काउनु अद्भुत घटनासम्बन्धी लोकविश्वास हो ।

एकदिन बाच्छे राजासँग सिकार खेल्न जाँदा आफूले छोडेर गएको बच्चीलाई के भयो होला भनी मल्लकाजी त्यहाँ जान्छ । उसले त्यहाँ एउटी सुन्दरीलाई देख्छ । उसले हाम्रा राजाका सन्तान छैनन्, यिनलाई लगेर रानी बनाए छोराछोरी होलान् भनी तिनलाई जबरजस्ती लिएर जान्छ । बिहे गर्न तयार गराउँदा उसलाई जुनजुन लुगागहना लगाउन दिए पनि उसले 'बाबाजनले दिएको छोरीलाई पच्दैन' भन्छे । त्यो कुरा मल्लकाजीले बुझ्छ र मल्लकाजीले राजालाई छोरी भनेर चिनाउँछ । तामाझुम्पालाई सौतेनी आमाहरू सबैले 'मेरी छोरी, मेरी छोरी' भन्न थाल्छन् । तामाझुम्पाले 'आमा त

तिमीहरू सबै मेरी आमा नै हौ, तर मेरी आमा यहाँ छैनन् । यदि मेरी आमा हौ भने माथि झ्यालबाट दुध पगारेर मेरो मुखमा चुहाइदेऊ' भन्छे । बच्चा नजन्माएका ती आमाहरूको दुध आउँदैन । अनि मल्लकाजीले 'यिनकी आमा म पत्ता लगाइदिन्छु' भन्छ र सात समुद्रपारि जङ्गली अवस्थामा रहेकी रानीलाई मल्लकाजीले अमृत जल छर्केपछि ऊ सुत्केरी हुँदाको अवस्थामा फर्किन्छे । मल्लकाजीले छोरीसित भेट गराइदिने भनेर फर्काएर घरमा ल्याउँछ । घरनजिक आउन थालेपछि उसको दुध पग्रिन थाल्छ । ऊ रक्तले मुछिएकी हुन्छे । त्यसैलाई तामाभ्कुम्पाले 'यिनै हुन् मेरी आमा' भन्छे । दुई आमाछोरी रुँदारुँदा आँशुले गर्दा पहिरो बग्छ । मल्लकाजीले नरुन भनेपछि पहिरोले लानबाट दरबार बच्छ । अनि छोरीले 'यो पापीको घरमा बस्दिनँ, दिन्छौ भने दुइटी काम गर्ने केटी, एउटा काँगियो र एक बोतल तेल देऊ' भन्छे र त्यहाँबाट हिँड्छे । उसले काँगियो फाल्दा झलमल्ल दरबार बन्छ । जुवामा हारेपछि तामाभ्कुम्पाले सल्लीसउँसित बिहे गर्दछे ।

सल्लीसउँ बिहे गरी घर फर्किंदा बाटोमा बाबुको सहयोगी फागुने दादालाई भेट्छ । त्यो भयङ्कर भूत हो । त्यसले पहिले सल्लीसउँलाई ढुटो माग्दा नदिने, दुःख दिने सबैलाई दण्डित गर्छ । रत्नका गेडा खोस्ने दुबीचौरको महाजनको घर भत्काइदिन्छ र त्यस महाजनलाई मारिदिन्छ । त्यसका छोराहरूलाई पनि मारिदिन्छ र बुहारीहरूलाई मुक्त गर्छ । सल्लीसउँ चामल, ढुटो, पिठो दिने आइमाईलाई धन्यवाद दिँदै धेरै सम्पत्ति दिएर घरतिर लागेछ । अनि फागुने दादाले सल्लीसउँलाई दरबार तयार गरिदिन्छ र सम्पत्ति भरिभराउ पारिदिन्छ । उसले दुबीचौरको महाजनको मामा रिठेचौरे भूत र अरू भूतलाई पनि मारिदिन्छ । रिठेभौंरे भूतले तामाभ्कुम्पालाई हरेर लगेपछि फागुनेदादाले सल्लीसउँलाई रिठेभौंरे बसेको घरमा बाहिरबाट आगो लगाइदिन सिकाउँछ र आगो लागेपछि रिठेभौंरे मर्छ । अनि सल्लीसउँ तामाभ्कुम्पालाई लिएर आउँछ र उनीहरू सुखपूर्वक बस्न थाल्छन् । यसप्रकार यस लोककथामा विभिन्न अद्भुत घटनासम्बन्धी लोकविश्वास पाइन्छ ।

### *अतिमानवीय पात्रसम्बन्धी लोकविश्वास*

लोककथामा मानवीय पात्र मात्र नभएर अतिमानवीय पात्रको प्रयोग पनि निकै भेटिन्छ । देवीदेवता, अप्सरा, परी, देवदूत, दैत्य, दानव, राक्षस, भूतप्रेत, पिशाच, डाइनीबोक्सी आदि अतिमानवीय पात्र हुन् । कुनै पात्र मानवीय भए पनि उसमा अतिमानवीय शक्ति भएको पाइन्छ ।

'बाच्छे राजा र सल्लीसउँको लोककथा' मा भगवान्, राक्षस, भूत र पशु अतिमानवीय पात्रका रूपमा आएका छन् । रूप (चाँदी) का दाँत, सुनको केश भएकी सुन्दरी तामाभ्कुम्पा मानवीय पात्र भए पनि अतिमानवीय प्रकारकी देखिन्छे । बाइसपान्य राजाको सहयोगी फागुने दादा भन्ने भूत हुन्छ । त्यसले सबै कुरामा सहयोग गर्दछ र पछि बाइसपान्य राजाको छोरो सल्लीसउँलाई पनि सहयोग गर्दछ । दुबीचौरको महाजन पनि राक्षस हो । रत्नका गेडा बेच्न हिँडेको सल्लीसउँलाई महाजनकी जेठी बुहारीले आफ्नो ससुरा राक्षस हो र आफू मान्छेकी छोरी हुँ भनेर परिचय दिन्छे । त्यसै गरी यस कथामा रिठेचौर, रिठेभौंरे र अरू भूतहरू पात्रका रूपमा आएका छन् । यस लोककथामा मृग र भगवान् पनि पात्रवत् रूपमा आएका छन् । मृगले बाच्छे राजाकी बच्चीलाई दुध पग्रिन नछोड्दासम्म दुध खुवाउँछ । त्यसको दुध पग्रिन छोडेपछि भगवान्ले त्यस बच्चीलाई बाँच्ने उपाय गरिदिन्छन् । यसप्रकार यस लोककथामा अतिमानवीय पात्रसम्बन्धी लोकविश्वास पाइन्छ ।

### *अलौकिक शक्तिसम्बन्धी लोकविश्वास*

दैवी शक्ति, दानवी शक्ति, तान्त्रिक शक्ति, जादु, टुनामुना, मोहनी, धामीझाँक्री, वरदान, श्राप, अलौकिक शक्ति भएका वस्तु, अद्‌भुत शक्ति भएका झोला, लौरो, औँठी, जुत्ता आदि वस्तुप्रतिको विश्वास पनि लोककथामा अभिव्यक्त भएको पाइन्छ । त्यसै गरी लागोभागो, जोखना, झारफुक, जन्त्र, भूतप्रेत र मसान मन्साउने, भाग दिने, बलि दिने आनो ठिक पार्नका लागि काँसको भाँडाले पुछ्ने, बिरामी हुँदा पानी मन्तरेर खाने जस्ता लोकोपचार पनि लोकविश्वासका पक्ष हुन् । तीमध्ये केही लोकविश्वास 'बाच्छे राजा र सल्लीसउँको लोककथा' मा पाइन्छ ।

बाइसपान्य राजालाई धनी बन्ने अलौकिक शक्ति प्राप्त देखिन्छ । ऊ मरेपछि उसको दरबारमा कुनै पनि खानेलाउने कुरा बच्दैन । बाच्छे राजाका रानी गर्भवती हुने अमृत फल अलौकिक शक्ति भएको देखिन्छ । त्यसैको सेवनबाट राजाकी कान्छी रानी गर्भवती हुन्छे । कालीपारि लगेर छोडिएकी त्यो रानी धेरै वर्षपछि मल्लकाजीले अमृत जल छर्केपछि सुत्केरी हुँदाको अवस्थामा फर्किन्छे ।

बाच्छे राजाकी छोरी तामाझुम्पा सौतेनी आमाहरूको षड्यन्त्र र बाबुको निर्दयीपन बुझेर त्यस दरबारमा बस्न मान्दिन । उसले दिने भए दुइटी काम गर्ने केटी, एउटा काँगियो र एक बोतल तेल मात्र दिन भन्दछे । त्यहाँबाट हिँडेर गएपछि उसले काँगियो फाल्दा झलमल्ल दरबार बन्दछ । काँगियोमा त्यस्तो अलौकिक शक्ति हुन्छ । अनि ऊसँग भगवान्‌ले दिएको पाकताउली छ । त्यसमा जति जे भन्यो त्यही पाक्दछ । त्यसै गरी ऊसँग जुवा जिताउने चौकी छ । ऊसँग कौडा खेल्न अरू देशका राजा आउँछन् । जुवा जिते तामाझुम्पालाई पत्नी बनाउन पाउने, हारे उसको नोकर बन्नुपर्ने सर्त हुन्छ । कुनै राजाले पनि तामाझुम्पालाई जित्न सक्तैनन् । एकदिन ऊसँग जुवा खेल्न गएको सल्लीसउँले त्यो कुरा थाहा पाउँछ र त्यस चौकीमा बसेर कौडा खेली तामाझुम्पालाई जित्दछ । सर्तअनुसार ऊ सल्लीसउँकी पत्नी हुन्छे । यसप्रकार यस लोककथामा अलौकिक शक्तिसम्बन्धी लोकविश्वास पाइन्छ ।

## निष्कर्ष

बाच्छे राजा र सल्लीसउँको लोककथामा विभिन्न प्रकारका लोकविश्वास पाइन्छन् । लोकविश्वास लोकजीवनसँग सम्बन्धित हुन्छ । मानिसले आफ्ना अनुभवका आधारमा लोकविश्वासको निर्माण गर्दछ । यो एकप्रकारको धारणा हो र त्यो वैयक्तिक नभएर सामूहिक हुन्छ । समाजमा यो एक पुस्ताबाट अर्को पुस्तामा मौखिक रूपमा हस्तान्तरित हुँदै जान्छ । समाजमा यो संस्कृतिका रूपमा रहेको हुन्छ । लोकविश्वासको निर्माण काल्पनिक, आनुभविक एवं वैचारिक आधारमा भएको पाइन्छ । काल्पनिक आधारअन्तर्गत मनोवैज्ञानिक आधार पनि पर्दछ । लोकविश्वासको मूल आधार हाम्रा पूर्वजहरूका कल्पना नै हो । आनुभविक लोकविश्वास लोकको अनुभव र वैचारिक लोकविश्वास पूर्ववर्तीहरूले भनेको वा आफूले निर्माण गरेको विचारमा आधारित हुन्छ । लोकविश्वासका अनेकौँ प्रकार हुन्छन् । तीमध्ये 'बाच्छे राजा र सल्लीसउँको लोककथा' मा मुख्य रूपमा अद्‌भुत घटना, अतिमानवीय पात्र एवं अलौकिक शक्तिसम्बन्धी लोकविश्वास मुख्य रूपमा पाइन्छ । मानवीय पात्रले मानवले गर्न नसक्ने कार्य गर्नु वा अतिमानवीय तत्त्वले मानवीय कार्य गर्नु, अनौठो र अलौकिक घटना घटित हुनु अद्‌भुत घटना हो । प्रस्तुत लोककथामा राजाको मृत्युपछि लक्ष्मीले पनि छोड्नु र दरबारमा केही खानेलाउने कुरा बाँकी नरहनु अनौठो छ । सल्लीसउँ सुनको धारामा नुहाउन गएको बेला त्यस धाराबाट पानी लिएर सूर्यलाई अर्घ चढाउन लाग्दा उसका हातमा दुई गेडा रत्न आउनु आश्चर्यजनक छ । दुबीचौरको महाजन मान्छे नभएर राक्षस हुन्छ र उसका बुहारीहरू मान्छेका छोरी हुन्छन् । बाच्छे राजाकी कान्छी रानी

अरू सौताले खाएर फ्याँकेको जुठो फलको ठेट्ना खाएर गर्भवती हुन्छे र छोरी जन्माउँछे । ज्योतिषीको भविष्यवाणीप्रति लोकविश्वास प्रबल देखिन्छ । त्यही विश्वासमा सुत्केरी रानी र नवजात शिशुलाई जङ्गलमा लगेर छोडिन्छ । बच्चा मरेको मृगले त्यस बच्चीलाई दुध खुवाएर पाल्दछ । त्यसपछि भगवान्ले त्यस बच्चीलाई बचाउँछन् । सल्लीसउँ बिहे गरी घर फर्किंदा बाटोमा बाबुको सहयोगी फागुने दादा भेटिन्छ । त्यसले सल्लीसउँलाई विभिन्न किसिमको सहयोग गर्छ । यस लोककथामा भगवान्, राक्षस, भूत र पशु अतिमानवीय पात्रका रूपमा आएका छन् । रूप (चाँदी) का दाँत, सुनको केश भएकी सुन्दरी तामाझुम्पा मानवीय पात्र भए पनि अतिमानवीय प्रकारकी देखिन्छे । यस कथामा राक्षस र मान्छेकी छोरीको बिहे भएको पनि पाइन्छ । यस कथामा दैवी शक्ति, दानवी शक्ति, तान्त्रिक शक्ति, जादु, अलौकिक शक्ति भएका वस्तु आदि पाइन्छन् । बाइसपान्य राजालाई धनी बनाउने अलौकिक शक्ति, रानी गर्भवती हुने अमृत फल, तामाझुम्पाको काँगियो, पाकताउली, जुवा जिताउने तामाको चौकी अलौकिक शक्ति भएका वस्तु हुन् । त्यसप्रकारका लोकविश्वासले यस लोककथालाई रोचक र प्रभावकारी तुल्याएका छन् ।

## परिशिष्ट

### बाच्छे राजा र सल्लीसउँको लोककथा

एकादेशमा एउटा बाच्छे राजा र एउटा बाइसपान्य राजा रहेछन् । पाटनमा बस्ने बाइसपान्य राजा धेरै धनी रहेछ । उसको सहयोगी फागुने दादा भन्ने भूत रहेछ । त्यसले सबै कुरामा सहयोग गर्दोरहेछ । बाइसपान्य राजाको छोरो सल्लीसउँ भरखरको युवक रहेछ । अनि उसलाई बिहे गर्न मन लागेछ र आफ्नो मामा बाच्छे राजाकी छोरी माग्न जाने भनेर हिँडेछ । बाच्छे राजाकी छोरी रूप (चाँदी) का दाँत, सुनको केश भएकी सुन्दरी रहिछन् । बाइसपान्य राजाको छोरा माग्न आएपछि बाच्छे राजाले छोरी दिएछ । बिहेमा बरियाँत लिएर आउने भनी राजकुमार आफ्नो घरतिर गएछ । उसले पाटनका सबैलाई 'मेरो बिहेमा जन्त जाने है' भनेर कस्तुरी बाँड्दै हिँडेछ । निम्ता पाएपछि सबै जन्त जान तयार भएछन् । त्यस राजाको जोलीधेउरा भन्ने एउटा कुकुर रहेछ । त्यस कुकुरले जे भन्यो उही गर्दोरहेछ । घरमा जाँदा बाबु बाइसपान्य राजाको मृत्यु भइसकेको रहेछ । अनि एक वर्ष बिहे रोकियो । बाबुको मृत्युपछि लक्ष्मीले छोडिछन् र दरबारमा केही खाने, लाउने, श्रीसम्पत्ति केही बाँकी रहेनछ ।

बाबु मरेको वर्षदिनपछि सल्लीसउँले आमालाई 'हिँड आमा मावली जाऊँ, मैले मामाकी छोरी मागेको छु, उतै बिहे गरूँला, उतै बसौँला' भनेछ । तर लाउने लुगा पनि केही नभएको नाङ्गो अवस्थामा माइत कसरी जाने भन्ने समस्या भएछ । अनि सल्लीसउँले लगाउनका लागि जङ्गलमा गएर भोजपात र खानका लागि गाउँमा चामलको ढुटो मागेर ल्याएछ । अनि भोजपातको लुगा सिलाउन दर्जीकोमा गएछ । दर्जीले 'पाट भए, पट्टुमार भए सिलाउने थिएँ भोजपात त सिउँदैनँ' भनेछ । सात जना दर्जीकहाँ जाँदा पनि सबैले त्यस्तै भनेछन् । दर्जी खोज्दा हिँड्दाहिँड्दा एकदिन आफ्नो बाबुको दर्जीकहाँ पुगेछ । दर्जीले 'खुट्टा हेर्दा दुःख पाए जस्ता, मुख हेर्दा ठुलाठालु जस्ता, को हौ ?' भनेर सोधपछि सल्लीसउँले सबै हाल बताएछ । दुवै जना अँगालो मारेर रोएछन् । अनि भोजपातको लुगा सिउने भनी त्यो दर्जी र सल्लीसउँ दरबारतिर लागेछन् । दर्जीले आमाछोरालाई सबै लुगा सिइदिएछ तर टोपीलाई भोजपात पुगेनछ । त्यत्रो भोजपातले किन नपुग्नु, दर्जीले खाएको होला भनी त्यस दर्जीसँग सल्लीसउँले झगडा गर्न थालेछ । दर्जी दरबारभित्र गएर हेर्दा बाइसपान्य राजाको बेतको गुप्ती लौरो र एउटा टोपी देखेछ र त्यो कुरा बाहिर आएर सल्लीसउँलाई भनेछ । अनि त्यो टोपी लाएर, गुप्ती लौरो लिएर आमाछोरा माइत हिँडेछन् ।

सल्लीसउँका आमाछोरा जाँदाजाँदा दुबीचौर भन्ने ठाउँमा पुगेछन् । उनीहरूसँग खानेकुरा सकिइसकेको रहेछ । अनि सल्लीसउँ आमालाई त्यहीँ बस्न भनी आइमाईले ओखलमा धान कुट्दै गरेको ठाउँमा गएर 'ओल्खेनी, ओल्खेनी, चामल तिमी लेऊ, ढुटो मलाई देऊ' भनेछ । त्यस आइमाईले 'कहाँबाट आयो यो लुतिया, ढुटो हाम्रा गाईबाच्छाले खान्छन्, घोडाले खान्छन्, भाग्' भनेर मुसलले कुट्दै सल्लीसउँलाई धपाइछ । सल्लीसउँ रुँदै अर्को ठाउँ त्यसैगरी ढुटो माग्न गएछ, तर जहाँ जाँदा पनि कसैले ढुटो दिएनछन् । अन्तिममा एउटी धान कुट्दै गरेकी आइमाईलाई दया लागेछ र सबै कुरा सोधिछ । सल्लीसउँले सबै कुरा बेलीविस्तार लगाएछ । त्यसले चामल दिइछ, ढुटो दिइछ, कोदोको पिठो दिइछ । त्यसलाई आशीर्वाद दिएर सल्लीसउँ आमा रहेको ठाउँमा आएछ । सधैँ ढुटो खाएर हैरान भएको, आज भात खाऔँ भनेर चुलो लगाई भात पकाएछन् । सल्लीसउँ आमालाई भात हेर्न लगाई धारामा नुहाउन गएछ । त्यहाँ फलाम, तामा, चाँदी, सुन आदिका धारा रहेछन् । ऊ कुन धारामा नुहाउने होला भनी अलमलमा परेछ । जे त होला भनी ऊ सुनको धारामा नुहाउन गएछ । सुनको धारामा नुहाउँदा उसको अनुहार सुन जस्तै पहेँलो भएछ । त्यस धाराबाट पानी लिएर सूर्यलाई अर्घ चढाउन लाग्दा उसका हातमा दुई गेडा रत्न आएछन् । अनि ऊ आमालाई सबै कुरा सुनाएर अब आफूहरूको सुदिन आएको भनेछ ।

सल्लीसउँ रत्नका गेडा बेच्न भनेर गाउँमा डुलेछ । कसैले त्यो किन्न सकेनछन् । अनि ऊ दुबीचौरको महाजनकोमा गएछ । उसले 'रत्नका गेडा किन्छौ कि' भनेको सुनेर महाजनकी जेठी बुहारी आइछ । अनि उसले 'मेरा ससुरा धनी भए पनि बडा बेइमान छन् । म तिनको जेठो छोराकी पत्नी हुँ, मान्छेकी छोरी हुँ, ससुरा राक्षस हुन् । तिमीलाई हानि गर्लान्, तिमी यहाँबाट गइहाल' भनिछ । अरू बुहारीहरू पनि आउँदै त्यस्तै भन्दारहेछन् । तिनीहरू सबै मान्छेका छोरी रहेछन् । राक्षस भित्र रहेछ । हुक्का समाएको, निकै मोटो जिउको राक्षस भित्रबाट आएर राजाको रत्न चोरेर ल्याएको भनी दुईचार चोट हानी रत्न खोसेर भित्र गएछ । सल्लीसउँ रुन थालेछ । अनि राक्षसकी जेठी बुहारीले 'मैले अघि भनेको मानेनौ, अब नरोऊ, जाऊ' भनिछ र अलिकति चामल, अलिकति कोदोको पिठो र रोटी ल्याएर दिइछ । रुँदै आएको सल्लीसउँले सबै कुरा आमालाई भनेछ । उनीहरू त्यहाँबाट हिँडेछन् ।

जाँदाजाँदा उनीहरूको भोजपातको लुगा पनि फाटेछ । सात दिनमा उनीहरू माइतमा पुगेछन्, तर नाङ्गै कसरी जाने भन्ने समस्या भएछ । उनीहरू बाख्राको खोरमा लुकेछन् । बाख्रा गोठालाले उनीहरूलाई देखेछ र राजालाई त्यो कुरा भन्न गएछ । बाच्छे राजाको बाबु मरिसकेको रहेछ । राजाको छोरा बाच्छे त्यहाँको राजा भएको रहेछ । उसले पालेलाई बुझ्न पठाएछ । पालेले सोधेपछि उनीहरूले आफ्ना सबै हाल बताएछन् । पाले गएर राजासँग 'त्यस आइमाईका तपाईंका जस्ता आँखा छन्, तपाईंको जस्तो मुख छ, तपाईंका जस्ता दाँत छन्, तपाईंका कोही दिदीबहिनी थिए कि ? पुरुषको पनि हजुरकै जस्तै अनुहार छ' भनेछ । त्यो राजा गर्भमा हुँदा दिदीको बिहे भएकाले दिदीका बारेमा उसलाई केही थाहा रहेनछ । अरू पालेहरूलाई पठाउँदा तिनले पनि त्यसै भनेछन् । अनि बिचारीलाई पठाएछ । बिचारीले गएर हेरी राजालाई 'अनुहार, सबै कुरा हजुरसँग मिल्दछन्, हजुरकै कोही हुनुपर्छ, तर नाङ्गै छन् र इज्जत हातले छोपेका छन्' भनेछ । अनि राजा आमासँग सोध्न गएछ । आमाले 'मेरी छोरी त छे तर पहिल्यै बिहे गरी पठाएको, छे भन्ने कि छैन भन्ने । मेरी छोरी भए रूपका दाँत, सुनका केश हुनुपर्छ' भनिछ । राजाले फेरि राम्ररी हेरेर आउन बिचारीलाई पठाएछ । बिचारीले फेरि राम्ररी हेरेर आई 'हात, खुट्टा, नङ, चेहेरा सबै हजुरकै जस्तो छ, तर दाँत रूपका र केश सुनका छन्' भनेछ । राजाले यसोयसो छ रे भनेपछि आमाले 'त्यही हो मेरी छोरी' भनिछ । दलबल, हात्तीघोडा लिएर, बाजा बजाएर लिन जाँदा आमाछोरा त हातले लाज छोपेर बसेका रहेछन् । अनि राजाले आमाछोराका लागि राम्रा लुगा सिलाउन लगाएर ल्याइदिएछ र हात्तीघोडामा राखेर भव्य तरिकाले उनीहरूलाई दरबारमा ल्याएछ ।

बाच्छे राजाका सातओटी रानी रहेछन् तर सन्तान कुनैबाट पनि रहेनछन् । एकदिन कतैबाट बाच्छे राजाले अमृत फल पाएछ । त्यो गर्भ रहने फल रहेछ । छओटी रानीहरूले पछि आएकी कान्छीलाई नदिने, आफूहरूले मात्र त्यो फल खाने भनेछन् र त्यो फल खाई पछाडिको ठेट्नो तल फ्याँकेछन् । कान्छी रानीले त्यो भेटाएर खाइछ । गर्भ रहने मुख्य चिज त्यही ठेट्नोमा रहेछ । अनि कान्छी रानी गर्भवती भइछ । त्यसरी कान्छी रानी गर्भवती भएकोमा अरू रानीहरू अचम्ममा परेछन् । अनि उनीहरूले ज्योतिषीलाई छ गाग्रो रुपियाँ घुस दिई 'हाम्री कान्छी रानी गर्भवती छिन्, उनका पेटमा छोरा भए पिराहा र छोरी भए तिलिया हुनेछ । छोरा जन्मियो भने बृन्दावनमा लगेर त्यसलाई काटी त्यसको मुटुकलेजो राजाले खाए यो राजपाट रहनेछ, नत्र रहने छैन, सब सत्यानाश हुनेछ भनिदिनुहोला' भनेछन् । रानी सुत्केरी हुन लाग्ने बेलामा राजाले आफ्ना मल्लकाजीलाई ज्योतिषीलाई हेराउन पठाएछ । बाटो नदेखेर उनीहरूले भेडा गोठाला, भैँसी गोठालाहरूसँग बाटो सोध्दै गएछन् । जाँदाजाँदा एकदिन गाईगोठमा पुगेछन् र उनीहरूले ज्योतिषीकोमा जान लागेको भनेपछि गाईगोठालाले 'ज्योतिषीकोमा जाँदा रित्तै जानुहुँदैन, केही आनु पैसा भेटी लैजाऊ, मानुचामल लैजाऊ, एक ठेकी दही लैजाऊ, छैन भने म दिन्छु' भनेछ । अनि गोठालाले ज्योतिषीकोमा लैजाने सामान तयार गरिदिएछ र जाने बाटो, ज्योतिषीको घर पनि यस्तो छ भनेर सिकाइदिएछ । ज्योतिषीको गाउँ ठुलो छ, तर ज्योतिषीको घर चिन्न सजिलो छ, टाढैबाट हेरेर चिनिन्छ, आँगनाँ हात्ती छ, घासाँ घोडा छ, खाडाँ कुखुरा छ, आग्री परेवा छ, ढेलाँ जाडे छ, घाराँ मौरी छ, सुनको लिस्नु, रूपका द्वार, तामाको गारो, कासाँको छानो छ, त्यही हो ज्योतिषीको घर भनेछ ।

ज्योतिषीले मल्लकाजीहरूलाई फेरेमा मानसम्मानका साथ बसाएछ । उसले हेरीकोरी रानीहरूले सिकाएझैँ भनेछ । त्यस्तो कुरा सुनेर राजा एकदम चिन्तित भएछ । एकदिन बच्ची जन्मेको आवाज आएछ । बच्ची रोएको सुन्नासाथ राजाले मल्लकाजीलाई ज्योतिषीले भनेअनुसार गर्न अराएछ । ज्योतिषीले बाबुले बच्चाको मुख हेर्न नहुने, आमाले रगत देख्न नहुने, आमालाई काली तारेर पठाइदिनुपर्ने, बच्चालाई बृन्दावनमा लगेर मारी मुटुकलेजो झिकेर राजालाई खुवाउनुपर्ने भनेको रहेछ । आमाले 'बच्चीलाई नुहाउन त देऊ' भने पनि बच्चालाई खोसेर लगेछन् । उनीहरूले रानीलाई कालीपारि लगेर छोडी बच्चीलाई मार्न भनेर बृन्दावनमा लगेछन् । तर उनीहरू कसैले काट्न सकेनछन् । उनीहरूले मृगको पाठाको मुटुकलेजो निकालेछन् । खाल्टा खनी स्याउला ओछ्याएर त्यसमाथि बच्चीलाई राखी माथिबाट जाँतोले छोपेर छोडेछन् । अनि बच्चो मारिएको मृगले त्यस बच्चीलाई त्यही जाँतोमा बसेर दुध खुवाउन थालेछ । त्यसले बच्चीलाई धेरै दिनसम्म दुध खुवाएछ र दुध पग्रिन छोडेपछि मृग दुध खुवाउन आउन छोडेछ । अनि टिठ मानेर भगवान् त्यस बच्ची भएको ठाउँमा आएछन् । भगवान्ले त्यस बच्चीको एउटा हातमा कौडो दिएछन् र त्यसलाई चुस्दा दुध आउने रहेछ । अनि अर्को हातमा कोदोको रोटी चुस्नलाई दिएछन् । अनि 'तिमीलाई केहीले नखाओस्, तिमी जस्तोतस्तो नभए, तामाझुम्पा तिम्रो नाम भयो, तिम्रो थामीनसक्नु चुल्ठो होस्' भनी आसिक दिई वरिपरि रेखा बनाएर भगवान् गएछन् । बच्ची ठुली हुँदै गइछ र भगवान्ले खानलाई मिठामिठा फल दिँदारहेछन् ।

एकदिन बाच्छे राजा सिकार खेल्न गएका रहेछन् । त्यसैबेला आफूले छोडेर गएको बच्चीलाई के भयो होला भनी मल्लकाजी त्यहाँ गएछ । उसले त्यहाँ एउटी सुन्दरीलाई देखेछ । हाम्रा राजाका सन्तान छैनन्, यिनलाई लगेर रानी बनाए छोराछोरी होलान् भनी तिनलाई जबरजस्ती लिएर गएछन् । बिहे गर्न तयार गराउँदा उसलाई जुनजुन लुगागहना लगाउन दिए पनि 'बाबाजनले दिएको गुन्यु मै छोरीलाई पच्दैन,' 'बाबाजनले दिएको चोलो मै छोरीलाई पच्दैन,' 'बाबाजनले दिएको पोतेचुरा मै छोरीलाई पच्दैन' भन्दिरहिछ । त्यो कुरा मल्लकाजीले बुझेछ र मल्लकाजीले राजाले 'यिनी तपाईंकी रानी होइन, छोरी हुन्छिन् । हटाउनुस् यी बिहेका सबै कुरा' भनेछ । अनि बाच्छे राजा र छोरीको चिनाजान भएछ । आमाहरू सबैले 'मेरी छोरी, मेरी छोरी' भन्न थालेछन् । अनि तामाझुम्पाले 'आमा त तिमीहरू सबै मेरी आमा

नै हौ, तर मेरी आमा यहाँ छैनन् । यदि मेरी आमा हौ भने माथि झ्यालबाट दुध पगारेर मेरो मुखमा चुहाइदेऊ' भनिछ । बच्चा नजन्माएका ती आमाहरूको दुध आउने कुरै भएन ।

अनि मल्लकाजीले 'यिनकी आमा म पत्ता लगाइदिन्छु' भनेछ । रानी सात समुद्रपारि जङ्गली अवस्थामा रहिछन् । मल्लकाजीले अमृत जल छर्केपछि तिनी सुत्केरी हुँदाको अवस्थामा फर्किछन् । मल्लकाजीले घर जान आग्रह गर्दा नमाने पनि छोरीसित भेट गराइदिन्छु भनेर फर्काएर ल्याएछ । घरनजिक आउन थालेपछि उनको दुध पग्रिएछ । उनी रक्तले मुछिएकी रहिछन् । तिनैलाई तामाझुम्पाले 'यिनै हुन् मेरी आमा' भनिछ । दुई आमाछोरी रुँदारुँदा आँशुले गर्दा पहिरो बगेछ । पहिरोले बगैँचा बगाएर लगेछ, दरबार पनि हल्लिन थालेछ । अनि मल्लकाजीले उनीहरूलाई 'रोक, रोक, नरोऊ, बच्चीलाई बचाउने पनि मै हुँ, आमाछोरीलाई भेट गराउने पनि मै हुँ । यिनीहरूले पाप गरे पनि, नबुझेर मैले पनि पाप गरे पनि तिमीहरूलाई भेट गराउने म हुँ, नरोऊ' भनेछ । उनीहरूले मल्लकाजीले भनेको मानेछन् र रुन रोकेछन् । पहिरोले लानबाट दरबार बचेछ । अनि छोरीले 'यो पापीको घरमा बस्दिनँ, दिन्छौ भने दुइटी काम गर्ने केटी, एउटा काँगियो र एक बोतल तेल देऊ' भनिछ । त्यहाँबाट छोरी हिँडिछ ।

तामाझुम्पाले काँगियो फाल्दा झलमल्ल दरबार बनेछ । ऊसँग भगवान्ले दिएको पाकताउली रहेछ, त्यसमा जति जे भन्यो त्यही पाक्दोरहेछ । ऊसँग अरू देशका राजा कौडा खेल्न आउँदारहेछन् । जिते उनलाई रानी बनाउने, हारे उनको नोकर बन्नुपर्ने बाजी हुँदोरहेछ । सबै राजाहरू हारेछन् । एकदिन बाच्छेराजाको भान्जा पनि कौडा खेल्न आएछ । बाच्छे राजाले भान्जा सल्लीसउँलाई आफ्नी छोरी पहिल्यै दिएको थियो । तामाझुम्पाले तामाको चौकीमा बसेर कौडा खेल्ने हुनाले जित्ने रहिछ रे । सल्लीसउँले त्यो थाहा पाएछ र पानीको प्यास लाग्यो भनेछ । काम गर्ने केटीलाई पानी ल्याउन भनेपछि अरूले ल्याएको पानी नखाने, हजुरले दिए मात्र खाने भनेछ । अनि तामाझुम्पा पानी लिन जाँदा त्यो तामाको चौकी लिएर सल्लीसउँ त्यसमा बसेछ । तामाझुम्पाले कुरा थाहा पाए पनि भन्न मिलेन । 'अलि पर सर्नुहोस्' मात्र भन्दिरहिछ, तर सर्दा सल्लीसउँले चौकी पनि आफूसँगै सार्दोरहेछ । अनि खेल्दा तामाझुम्पाले खेल हारिछ । अब बाचाअनुसार उनीहरूको बिहे हुने भएछ । सल्लीसउँले तामाझुम्पालाई लिएर मामाको घर गएछ । बाच्छे राजाले उनीहरूको बिहे गराइदिएछ । भान्जालाई ज्वाइँ बनाउनु धेरै राम्रो कुरा हो । उसले भान्जा र छोरीको विवाह गराइदिई, सम्पत्ति दिई त्यहीँ बस्न भनेछ । सल्लीसउँले बस्न मानेनछ र आमालाई त्यहीँ छोडी तामाझुम्पालाई लिएर आफ्नै ठाउँमा फर्केछ ।

बाटोमा बाबुको सहयोगी फागुने दादालाई भेटेछ । त्यो भयङ्कर भूत रहेछ । पहिला त त्यस भूतले रोकेछ तर सबै बेलीबिस्तार लगाएपछि सहयोग गर्ने भनेछ । पहिला आफूले ढुटो माग्दा मुसलले पिटेर लघार्ने आइमाईहरूलाई भूतले टाढा टाढा मच्चाइदिएछ र उनीहरूका सबै सम्पत्ति गादोमा हालेछ । चामल, ढुटो, पिठो दिने आइमाईलाई धन्यवाद दिँदै धेरै सम्पत्ति दिएछ । रत्नका गेडा खोस्ने दुबीचौरको महाजनको घर भत्काइदिएछ र त्यस महाजनलाई पञ्जाले हानी टुक्राटुक्रा पारिदिएछ । त्यसका छोराहरूलाई नङ्ग्राले हानेर धुलो बनाइदिएछ । बुहारीहरूलाई मान्छेको छोरी भएर मान्छेकै घरमा जानुपर्छ भनेर सम्पत्ति दिएर माइततिर पठाएछ र त्यस महाजनको सबै सम्पत्ति गादोमा हालेछ । अनि त्यसले सल्लीसउँलाई दरबार तयार गरिदिएछ र सम्पत्ति भरिभराउ पारिदिएछ । दुबीचौरको महाजनको मामा रिठेचौरे पनि खतरनाक भूत रहेछ । त्यसले रुख ढालेर सल्लीसउँलाई बाटो छेकेछ । फागुने दादा एउटा किसान बनेर हलोजुवा एकातिर राखी रुख नुगाएर गोरुलाई घाँस खुवाइरहेको रहेछ । सल्लीसउँलाई कानमा घुसारेर राखेछ । अनि उसले सबै भूतहरूलाई एकछिन त्यो रुख समाइदिन भनेछ । भूतहरूले रुख समाएपछि फागुने दादाले रुख छोडिदिएछ र भूतहरू उछिट्टिएर मरेछन् । अलि माथि जाँदा रिठेभौँरेले खुवाउन भनी धेरैओटा ठेकामा दही राखेको रहेछ । त्यो खान खोज्दा

त्यहाँ त पहिरो गएछ । अनि तामाझुम्पालाई त्यसले हरेर लगेछ । फागुने दादाले सल्लीसउँलाई रिठेभौँरे बसेको घरमा बाहिरबाट आगो लगाइदिन सिकाएछ र आगो लागेपछि रिठेभौँरे मरेछ र सल्लीसउँले तामाझुम्पालाई लिएर आएछ । अनि उनीहरू सुखपूर्वक बस्न थालेछन् । भन्नेलाई फूलको माला, सुन्नेलाई सुनको माला, यो कथा वैकुण्ठ जाला, भन्ने बेला टुपुक्क आइहाल्ला ।

स्रोतव्यक्ति : बाँचे रोकाया, वर्ष ७८, सिँजा गापा ५, जुम्ला । सङ्कलन मिति २०८०/०३/०७

## सन्दर्भ सामग्रीसूची


उपाध्याय, कृष्णदेव (सन् १९९१). *भारतीय लोक-विश्वास.* वाराणसी : हिन्दुस्तानी एकेडमी ।

दुबे, श्यामाचरण (सन् १९९३). *मानव और संस्कृति.* नई दिल्ली : राजकमल प्रकाशन ।

पराजुली, मोतीलाल (२०७१). *नेपाली लोककथा : सिद्धान्त र विश्लेषण.* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा. लि. ।

पौड्याल, षडानन्द (२०७८). *नेपाली लोकविश्वास.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

सुवेदी, हंसपुरे (२०५५). *नेपाली लोकजीवन : लोकविश्वास.* ललितपुर : साझा प्रकाशन ।

Bayard, S. P. (1953). The materials of folklore. *The journal of American folklore, 66*(259), 1-17. https://www.jstor.org/stable/536742

Burne, C. S. (1914). *The handbook of folklore.* London: Sidgwick & Jackson, Ltd.

Diwasa, Tulasi, Bandhu, C. M. & Nepal, B. (Eds.). (2007). *The Intangible Cultural Heritage of Nepal: Future Directions*. Kathmandu: UNESCO Kathmandu Office.

Dundes, A. (1965). *The study of folklore*. Englewood Cliffs: Prentice-Hall, Inc.

Jung, C. G. (1933). *Modern man in search of a soul*. London: Routledge & Kegan Paul Ltd.

Jung, C. G. (1958). *Essays on contemporary events* (R. F. C. Hull, Trans.). London: Routledge & Kegan Paul Ltd, 1958.

Jung, C. G. (1969). *The archetypes and the collective unconscious*, Part 1, Vol 9 (2nd ed., R. F. C. Hull, Trans.). London: Princeton University Press.

Mullen, P. B. (2011). Belief, Folk. In C. T. McCormick & K. K. White, (Eds.), *Folklore: An encyclopedia of beliefs, customs, tales, music, and art* (2nd ed., pp. 206-218). California: ABC-CLIO, LLC.

Oring, E. (1986). Preface. *Folk groups and folklore genres : An introduction*. Utah: Utah State University Press.

Thompson, S. (1955-1958). *Motif-index of folk-literature: A classification of narrative elements in folktales, ballads, myths, fables, mediaeval romances, exempla, fabliaux, jest-books, and local legends* (Revised ed.). Copenhagen: Rosenkilde and Bagger.


*प्रस्तुत लेख त्रिभुवन विश्वविद्यालय, अनुसन्धान निर्देशनालयको परियोजनाअन्तर्गतको अध्ययनमा आधारित छ ।*